## प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन, २०७९

### समानुपातिक निर्वाचन प्रणाली तर्फको निर्वाचन कार्यक्रम

| क्र.स. | क्रियाकलाप | मिति | | समय | | स्थान |
|---|---|---|---|---|---|---|
| | | देखि | सम्म | देखि | सम्म | |
| १ | समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने निर्वाचनमा भाग लिन चाहने राजनीतिक दलहरुले निवेदन पेश गर्ने सम्बन्धमा सूचना प्रकाशन गर्ने | २०७९/०५/०८ | | | | निर्वाचन अधिकृतको कार्यालय, |
| २ | समानुपातिक निर्वाचनमा भाग लिन चाहने राजनीतिक दलहरूले निवेदन पेश गर्ने | २०७९/०५/१० | २०७९/०५/१२ | १०.०० | १७.०० | |
| ३ | समानुपातिक निर्वाचनमा भाग लिन निवेदन पेश गरेका राजनीतिक दलहरूको नामावली प्रकाशन गर्ने | २०७९/०५/१३ | | | १७.०० | ऐ.ऐ. |
| ४ | प्रकाशित सूचीमा नाम रहेका राजनीतिक दलहरूले आफ्नो नाम फिर्ता लिन चाहेमा फिर्ता लिने | २०७९/०५/१४ | | १०.०० | १७.०० | ऐ.ऐ. |
| ५ | समानुपातिक निर्वाचनमा भाग लिने राजनीतिक दलहरूको अन्तिम नामावली प्रकाशन गर्ने र निर्वाचन चिन्ह प्रदान गर्ने | २०७९/०५/१५ | | १०.०० | १७.०० | ऐ.ऐ. |
| ६ | राजनीतिक दलहरुलाई बन्दसूची पेश गर्नका लागि तयारी समय | २०७९/०५/१५ | २०७९/०६/०१ | | | |
| ७ | राजनीतिक दलहरूले उम्मेदवारको बन्दसूची पेश गर्ने | २०७९/०६/०२ | २०७९/०६/०३ | १०.०० | १७.०० | ऐ.ऐ. |
| ८ | उम्मेदवारको बन्दसूची छानविन गरी आवश्यकता अनुसार सच्याउन दलहरूलाई सूचित गर्ने | २०७९/०६/०४ | २०७९/०६/०९ | १०.०० | १७.०० | ऐ.ऐ. |
| ९ | राजनीतिक दलहरूले उम्मेदवारको बन्दसूची संशोधन गरी पेश गर्ने | २०७९/०६/१० | २०७९/०६/१६ | १०.०० | १७.०० | ऐ.ऐ. |
| १० | उम्मेदवारको बन्दसूचीमा सूचीकृत कुनै उम्मेदवारले आफ्नो नाम उम्मेदवारको बन्दसूचीबाट फिर्ता लिन चाहेमा निवेदन दिने | २०७९/०६/१७ | | १०.०० | १२.०० | ऐ.ऐ. |
| ११ | उम्मेदवारको बन्दसूचीबाट उम्मेदवारले नाम फिर्ता लिएको जानकारी सम्बन्धित राजनीतिक दललाई दिने । | २०७९/०६/१७ | | १३.०० | १५.०० | |
| १२ | उम्मेदवारले नाम फिर्ता लिएको कारण रिक्त हुन आएको स्थानमा सोही समूहको अर्को उम्मेदवारको मनोनयन गरी मनोनित उम्मेदवारको नामावली सम्बन्धित राजनीतिक दलले आयोगमा पेश गर्ने | २०७९/०६/२० | २०७९/०६/२२ | १०.०० | १५.०० | ऐ.ऐ. |
| १३ | उम्मेदवारको बन्दसूचीको सूचना प्रकाशन गर्ने | २०७९/०६/२२ | | १५.०० | १७.०० | ऐ.ऐ. |

| क्र.स. | क्रियाकलाप | मिति | | समय | | स्थान |
|---|---|---|---|---|---|---|
| | | देखि | सम्म | देखि | सम्म | |
| १४ | उम्मेदवारको बन्दसूचीमा नाम समावेश भएको उम्मेदवारको योग्यता सम्बन्धमा दावी विरोध गर्न निवेदन दिने | २०७९/०६/२३ | २०७९/०६/२९ | १०.०० | १७.०० | ऐ.ऐ. |
| १५ | उम्मेदवारको बन्दसूचीमा समावेश उम्मेदवारको योग्यता सम्बन्धी दावी विरोधको निवेदन उपर जाँचबुझ र निर्णय गर्ने | २०७९/०६/३० | २०७९/०७/०५ | १०.०० | १७.०० | ऐ.ऐ. |
| १६ | उम्मेदवारको बन्दसूचीबाट उम्मेदवारको नाम हटेको सूचना प्रकाशन गर्ने | २०७९/०७/०८ | | १०.०० | १३.०० | ऐ.ऐ. |
| १७ | उम्मेदवारको बन्दसूची अन्तिम रूपमा प्रकाशन गर्ने | २०७९/०७/०९ | | १०.०० | १३.०० | ऐ.ऐ. |
| १८ | मतदान | २०७९/०८/०४ | | ७.०० | १७.०० | सम्बन्धित मतदान केन्द्र |

- ☞ समानुपातिक निर्वाचन प्रणालीतर्फको निर्वाचनमा भाग लिन निवेदन पेश गर्ने राजनीतिक दलले उम्मेदवारको बन्दसूची अनिवार्य रूपमा निर्वाचन कार्यक्रममा तोकिएको मिति भित्र निर्वाचन अधिकृतको कार्यालय, बहादुर भवन, कान्तिपथमा पेश गर्नु पर्नेछ ।
- ☞ राजनीतिक दलले उम्मेदवारको बन्दसूची पेश गर्दा प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा २८ र प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा २८ बमोजिम तयार गरी पेश गर्नुपर्नेछ ।

- ☞ प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा १४ र प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा १४ बमोजिम समानुपातिक निर्वाचन प्रणालीतर्फ एउटै व्यक्तिको नाम एकभन्दा बढी दलको बन्दसूचीमा रात्न पाइने छैन । साथै प्रतिनिधि सभा सदस्यको समानुपातिकको बन्दसूचीमा समावेश भएको व्यक्तिको नाम प्रदेश सभा सदस्यको निर्वाचनका लागि बन्दसूचीमा समावेश गर्न पाइने छैन । प्रदेश सभा सदस्यको समानुपातिकको बन्दसूचीमा समावेश भएको व्यक्तिको नाम प्रतिनिधि सभा सदस्यको निर्वाचनका लागि बन्दसूचीमा समावेश गर्न पाइने छैन ।
- ☞ समानुपातिक निर्वाचन प्रणाली तर्फको बन्दसूचीमा नाम समावेश भएको व्यक्ति प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्यको पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली तर्फको उम्मेदवार हुने पाइने छैन ।

- ☞ निर्वाचन कार्यक्रमको क्र. सं. ७ बमोजिम उम्मेदवारको बन्दसूची पेश गर्ने राजनीतिक दललाई बन्दसूची दर्ता भएको निस्सा उपलब्ध गराईनेछ ।त्यस्तो निस्सा उपलब्ध गराउँदा बन्दसूची सच्याउन पर्ने वा नपर्ने बारे यकीन गर्न सम्पर्क राख्न आउने मिति समेत उल्लेख गरिनेछ । सम्पर्क राख्न आउने मिति तोकिएकोमा सम्बन्धित राजनीतिक दलले उक्त मितिमा अनिवार्य रूपमा सम्पर्क राखी बन्दसूची सच्याउनु पर्ने भएमा सो बारेको पत्र बुझिलिनुपर्नेछ ।